महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७८

बेलका नगरपालिका,

उदयपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९

च.नं. २२८

मितिः २०७८/५/४

श्री प्रमुखज्यू,
बेलका नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
उदयपुर।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तह का सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजू उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तह का प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तह को वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९ (प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)

च.नं.: २२७ मितिः२०७८।५।४

श्री प्रमुखज्यू,
बेलका नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
उदयपुर ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले बेलका नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।१।१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया प्राप्त भएकोमा प्रमाण कागजात पेश नभएकोले बेरुजु फछ्यौंट भएन । अन्तिम प्रतिवेदन पाना ३१ यसैसाथ संलग्न छ ।
२. लेखापरीक्षणबाट रु. ४ करोड १ लाख ७९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ४६ लाख ५३ हजार, प्रमाण पेश गर्नुपर्ने रु. ६३ लाख १६ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ४९ लाख ७२ हजार र पेश्की बाँकी रु. ४२ लाख ३८ हजार रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

लेखापरीक्षण प्रतिवेदन

२०७६।७७

परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ।यस नगरपालिका अन्तर्गत ९ वडा, ५० सभा सदस्य, ३४४ वर्ग किलोमिटर क्षेत्रफल तथा ५४१२२ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चित कोष – आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

पालिकालाई एकिकृत वार्षिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म ले प फा नं २७२) अनुसार पालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

आर्थिक कारोबारको स्थिति

प्राप्ती भुक्तानी हिसाव								
विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		९२,५४,६६,०४६	७०७६१४६३१	१३८४६८१५	७२१४६१४४६			
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		६४,०४,७०,८३२	५४१७३६४९०	१३८४६८१५	५५५५८३३०५			
११००० कर	११	१३,११,८८,८३२	८७१४१८७७	०	८७१४१८७७			
१३००० अनुदान	12	४७,६५,६०,०००	४२६६३६३७०	१३८४६८१५	४४०४८३१८५			
संघीय सरकार	१२	४२,२१,२१,०००	३७२८३७३७०	१३८४६८१५	३८६६८४१८५			
प्रदेश सरकार	१२	५,४४,३९,०००	५३७९९०००	०	५३७९९०००			
१४००० अन्य राजस्व		३,२२,२२,०००	२५२५८२४४	०	२५२५८२४४			
१५००० विविध प्राप्ति जिविस बाट रु 25 लाख तथा हेल्भेटास बाट थप रु 2 लाख		५,००,०००	२७०००००	०	२७०००००			
ख. अन्य प्राप्ति		२८,४९,९५,२१४	१६५८७८१४१		१६५८७८१४१			
वितरण गर्न बाकी राजस्व		०	०	०	०			
कोषहरु	15	१३,५१,६७,२१४	१७३२५४५३	०	१७३२५४५३			
धरौटी	15	०	७९३३००२	०	७९३३००२			
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		१४,९८,२८,०००	१४०६१९६८६	०	१४०६१९६८६			
भुक्तानी (ग+घ)		९६,३७,०३,२१४	७०७९२०७९८	११११५३८३९	७१९०७४६३७			
ग. भुक्तानी (सञ्चित कोषबाट)		६७,८७,०८,०००	५४४३५३४१२	१११५३८३९	५५५५०७२५१			
२१००० पारिश्रमिक / सुविधा	१८	१५,६४,१२,०००	१५३०८१०४६	०	१५३०८१०४६			
२२००० मालसामान तथा सेवाको उपयोग	१८	२२,३४,६३,७६५	१७६००२५९८	६१४९५४८	१८२१५२१४६			
२५००० सहायता (Subsidy)	१८	११,००,०००	१०६३७१६	०	१०६३७१६			
२७००० सामाजिक सुरक्षा	१८	५७,१०,०००	५५८९३७१	०	५५८९३७१			

२८००० अन्य खर्च	१८	३५,७२,०००	१४८१६९७	०	१४८१६९७			
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२८,८४,५०,२३५	२१८६०५८४०	५००४२९१	२२३६१०१३१			
अनुदान फिर्ता			३६३४२७४		३६३४२७४			
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-४७१६७२३		-४७१६७२३			
वर्षान्तमा नसाटिएका चेकहरुको रकम			-१०३८८४०७		-१०३८८४०७			
घ. अन्य भूक्तानी		२८,४९,९५,२१४	१६३५६७३८६		१६३५६७३८६			
कोषहरु		१३,५१,६७,२१४	१५४८४६९४	०	१५४८४६९४			
धरौटी		०	७४६३००६	०	७४६३००६			
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		१४,९८,२८,०००	१४०६१९६८६	०	१४०६१९६८६			
ङ. यो वर्षको बचत (न्युन)		(३,८२,३७,१६८)	-३०६१६७	२६९२९७६	२३८६८०९			
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			३७३७८०५१		३७३७८०५१			
वर्षान्तको बाकी रकम (ङ + च)		(३,८२,३७,१६८)	३७०७१८८५	२६९२९७६	३९७६४८६१			
बैंक तथा नगद बाकी		(३,८२,३७,१६८)	३७०७१८८५	२६९२९७६	३९७६४८६१			

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>लेखापरीक्षण को दौरानमा देहाय बमोजिम असुली भएको भौचर पेश भएको छ ।
<table>
<tr><td>सि. न.</td><td>व्यहोरा</td><td>रकम</td><td>सञ्चीत कोष</td></tr>
<tr><td>१</td><td>निकासा फिर्ता</td><td>५९७९६०</td><td>संघीय सञ्चित कोष</td></tr>
<tr><td>२</td><td>निकासा फिर्ता</td><td>१८६९७४७</td><td>प्रदेश सञ्चित कोष</td></tr>
<tr><td>३</td><td>कर दाखिला</td><td>९२६८६१</td><td>संघीय सञ्चित कोष</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३३९४५६८</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>वित्तीय विवरण विश्लेषण</td><td></td></tr>
<tr><td>१.</td><td>वित्तीय विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।
• स्थानीय तहले सञ्चित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र सञ्चित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।
• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।
• कतिपय आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाब गर्दा मौज्दात ऋणात्मक रहेको देखिएन ।
त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>आर्थिक कारोबार - यस पालिकामा यस वर्ष रु.७२१४६१४४६ आय भएकोमा २०७७ असार मसान्त सम्म रु. ७१९०७४६३७ खर्च भई रु.२३८६८०९ मौज्दात रहेको छ । गत वर्षको मौज्दात समेत वर्षान्तमा सञ्चित कोष र अन्य कोषमा रु. ३९७६४८६० मौज्दात रहेको देखियो ।</td><td></td></tr>
<tr><td>३.</td><td>आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल बमोजिम रहेका छन ।
• आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्बन्धि कार्यविधि बनाएर मात्र गर्नु पर्नेमा गरेको देखिएन ।
• वडाहरु र पालिका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा (विउ विजन खरीद,औषधी खरीद, कृषि सामान खरिद , सोलार खरिद, फर्निचर खरिद र भौतिक निर्माणसमेत) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
• कार्यालयको श्रेस्ता र बैंक बीचको हिसाब फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाब मिलान</td><td></td></tr>
</table>

विवरण तयार नगरेको कारण हिसाब मिलान भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन ।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडिएस गरेको देखिएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ बमोजिम पालिकाबाट सञ्चालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समितिहरु ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा आंशिक पालना भएको पाइयो ।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाइएन ।
- निजामती सेवा ऐन, २०४९ बमोजिम कार्य विवरण बनाई लागु गरेको पाइएन ।
- पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन ।
- स्वीकृत वार्षिक कार्यक्रमअनुसार सञ्चालन गरिने विभिन्न कार्यक्रमहरु सञ्चालनका लागि के कति बजेटको व्यवस्था भई कुन कुन समयमा सञ्चालन गरिनु पर्ने हो र त्यस्ता कार्यक्रमहरु सञ्चालन

भएको अभिलेख देखिने गरी कार्यक्रमगत खर्च खाता राख्नुपर्नेमा सो राखेको देखिएन । कार्यक्रमगत खर्च खाता राखेमा सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरुको वार्षिक बजेट, सञ्चालन हुने समय, सोको खर्च सजिलै एकिन हुने र कार्यक्रम बजेटको अवधारणा अनुसार स्वीकृत बजेटभन्दा बढी खर्च नहुने र कार्यक्रमको प्रभावकारिता र उपलब्धि मापन समेत सजिलै एकिन हुने गरी अभिलेख राख्नु पर्ने देखिएको।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

बजेट तथा कार्यक्रम

४. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा उप प्रमुख श्री राजकुमारी चौधरीले मिति २०७६।३।१० गते रु. ५५०४२७००० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५. **चौमासिक पुंजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

कुल खर्च	चौमासिक खर्च			
	प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
५६६९७८२०६	४५१४०१०२	९१०६०५७०	२०६९६९०१८	२००५२९००४

६. **पुँजीगत खर्च विधि** - कार्यालयवाट पेश भएको विवरण अनुसार पुँजीगत खर्च देहाय अनुसार गरेको पाइयो ।

सि.नं.	कार्यक्रमको नाम	निर्माण कार्यमा भएको कुल खर्च	उपभोक्ता समिति मार्फत भएको रकम	निर्माण व्यवसायीबाट
१	विभिन्न	१८३५४९१६७	१८३५४९१६७	०

कूल खर्च मध्ये उपभोक्ता समितिवाट १०० प्रतिशत खर्च गरेकोले प्रतिष्पर्धात्मक विधिवाट खरिद गर्ने तर्फ पालिकाको ध्यान पुग्नु पर्दछ ।

७. **आन्तरिक ऋण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभावाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पुँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।

८. **योजना छनौट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ।त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्नेछ व्यवस्था रहेको छ।तर पालिकाले ७८ वटा सानो प्रकृतिका रु. ५००००० भन्दा घटीका

<table>
<tr><td></td><td>आयोजनाहरु अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगर रु.१९९२२१६२ को छनौट तथा कार्यान्वयन गरेको देखियो। साना साना योजना वडावाट छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यकालीन तथा दीर्घकालीन योजना वनाइ मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>९.</td><td>उपभोक्ता समितिको श्रेस्ता अनुगमन — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुने व्यवस्था छ। उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन। उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन। उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन। उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.</td><td>अधुरा आयोजना — आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयले यो वर्ष ७ योजनाको रु.२९५४५०८६ खर्च भएको योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ। यसरी कानून विपरीत सम्झौता गरी बर्षौंसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।</td><td></td></tr>
<tr><td>११.</td><td>नक्सा पास - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। तर यो वर्ष नगरपालिकामा नक्सा पाससम्बन्धि देहाय कुनै काम कारबाही भएको देखिएन ।</td><td></td></tr>
<tr><td>१२.</td><td>सेवा प्रवाह — नगरपालिकाले पेश गरेको सेवा प्रवाह सम्बन्धि विवरण देहाय अनुसार रहेको छ ।
<table>
<tr><th>सि नं</th><th>विवरण</th><th>सेवा प्रासिका लागि निवेदन संख्या</th><th>सिफारिस संख्या</th></tr>
<tr><td>१</td><td>नागरिकता सिफारिस</td><td>७१८</td><td>७१८</td></tr>
<tr><td>२</td><td>घरबाटो सिफारिस</td><td>४९४</td><td>४९४</td></tr>
<tr><td>३</td><td>नाता प्रमाणित</td><td>३८४</td><td>३८४</td></tr>
<tr><td>४</td><td>जन्म, मृत्यु दर्ता</td><td>९१२</td><td>९१२</td></tr>
<tr><td>५</td><td>अन्य</td><td>१७६३</td><td>१७६३</td></tr>
<tr><td>६</td><td>जम्मा</td><td>४२७१</td><td>४२७१</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन</td><td></td></tr>
<tr><td>१३.</td><td>प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ दरबन्दी स्वीकृत रहेकोमा</td><td></td></tr>
</table>

	लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित १९ जना पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत नवौ , इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित २७ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१४.	**स्थानीय तथ्याङ्क र अभिलेख** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरले स्थानीय तथ्याङ्क सम्बन्धि नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपुर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ। तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
	कानून निर्माण र कार्यान्वयन	
१५.	**कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमुना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, ३ वटा नियमावली, ६६ कार्यविधि लगायत ८३ जटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।	
१६.	**न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो बर्ष थप भएको ५३ समेत ५७ विवाद दर्ता भएकोमा २२ वटा मात्र फछ्र्यौट भई ३५ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१७.	**खेलकुद तथा अन्य खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति, खेलकुद लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन। तर नगरपालिकाले खेलकुद विकास समिति गठन गरी रु.४४१८५८८ खर्च लेखेको देखियो ।	
१८.	**पूँजीगत बजेटवाट चालु प्रकृतिका खर्च** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई पुँजीगत शिर्षकवाट भुक्तानी दिएको पाइयो ।	

भौ. नं. मिति	विवरण	रकम
१२।०७६।६।१६ समानिकरण पुँजीगत	रंगशाला आयल सप्लायर् वाट तेल खरिदको भुक्तानी	४२५३४५
७६।०७६।८।२५ समानिकरण पुँजीगत	रंगशाला आयल स ्लायर्सवाट तेल खरिदको भुक्तानी	३८८८२०
९७।०७६।९।१७ समानिकरण पुँजीगत	रंगशाला आयल सप्लायर्सवाट तेल खरिदको भुक्तानी	४२७१९७

१३४।०७६।१०।१६ समानिकरण पुँजीगत	रंगशाला आयल सप् ायर्सवाट तेल खरिद ो भुक्तानी	४७४१२०
३३५।०७६।२।२ समानिकरण पुँजीगत	रंगशाला आयल सप्लायर्सवाट तेल रिदको भुक्तानी	२२१८७५
२७५।०७७।१।२९ समानीकरण पुँजीगत	रुरु सर्भिसिङ्ग सेन्टर वाट गाडी मर्मत	३६२८७७
२७५।०७७।१।२९ समान करण पुँजीगत	दाल चामल खरीद गरी वितरण	२४४९४५
जम्मा		२५४५१७९

१९. **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा कुनै रकम ट्रान्सफर गरेको देखिंदैन ।

कर दस्तुर एवं आन्तरिक आय

२०. **व्यवसाय कर —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१३०५००५ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

२१. **आन्तरिक आय असुली —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष बन्दोबस्त गरेको आय ठेक्कामा व्यवसायिबाट रु.७४९३०० असुल गर्ने बाँकी रहेको छ । तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार नगरेको ,उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गर्नुको साथै बाँकी रकम असुल गर्नुपर्ने देखिएको रु. ७४९३००

ठेक्का विवरण	ठेक्का रकम	असुल भएको रकम	असुल हुन बाँकी रकम
पार्किङ्ग शुल्क व्यवस्थापन	१३५५०००	८८५०००	४७००००
पशु चौपाया बिक्री कर	८००१००	६७००००	१३०१००
बानडाँडा आइतबारे हाट	५००००	२००००	३००००
रामपुर र सेती खोला हाट	२८२०००	१६२८००	११९२००
जम्मा	२४८७१००	१७३७८००	७४९३००

२२. आय ठेक्का — बेलका नगरपालिकाको आन्तरिक आय संकलन सम्बन्धि कार्यविधि २०७५ अनुसार नदीजन्य पदार्थ संकलन व्यवस्थापन र विक्री वितरण गर्न आय ठेक्का आव्हान भई सम्बन्धित सेवा प्रदायकबाट रु. ७५००००० रकम जम्मा गरेकोमा सो सेवा प्रदायकलाई कार्य वातावरण नगरपालिकाबाट मिलाउन पर्नेमा कार्य वातावरण नभएको भनी सेवा प्रदायक वि पी कन्सट्रक्सन भवानीपुर ५ सिराहाले नदीजन्य पदार्थ संकलन विक्री वितरण कार्य गरेको देखिएन।यस सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको

<table>
<tr><td></td><td>कार्यालय बर्दिवासमा उजुरी परेको देखिएकोले कार्यालयको कार्यविधि बमोजिम नदीजन्य पदार्थको संकलन, व्यवस्थापन र विक्री वितरण कानून सम्मत ढंगले गरी आन्तरिक आम्दानी वृद्धि गर्नेतर्फ सभा, कार्यपालिका र प्रमुख प्रशासकीय अधिकृतको ध्यान पुग्नुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>२३.</td><td>राजश्व कारोबारको लेखा — आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र १०३ प्रयोग नगरी आम्दानी गरेको छ । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. १०३ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भीर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२४.</td><td>विज्ञापन कर — प्रदेश नं १ को आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागि राखिने वस्तु वा सामग्रीमा गरिने विज्ञापनमा कर असुल गर्न नदेखिएकोले पालिकाले यस सम्बन्धि नीति निर्धारण गरी रकम असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>राजश्वतर्फ</td><td></td></tr>
<tr><td>२५.</td><td>मुल्य अभिवृद्धि कर असुली नगरेको — मुल्य अभिवृद्धि कर ऐन २०५२ र नियमावली २०५४ अनुसार आय ठेक्कामा मुल्य अभिवृद्धि कर असुली गरी दाखीला गर्नु पर्नेमा यस वर्ष पालिकावाट आय ठेक्का वन्दोवस्त भएका तपसिलको कार्यमा मुल्य अभिवृद्धि करको रकम उल्लेख भएको तर असूल नगरेकाले असुल गरी संघीय राजश्व खातामा जम्मा भएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>ठेक्का लागेको क्षेत्र</th><th>ठेक्का लिनेको नाम</th><th>ठेक्का कर वाहेक रकम</th><th>मुल्य अभिवृद्धि कर दाखिला बाँकी</th></tr>
<tr><td>पशु चौपाया विक्री ठेक्का ०७६।७७</td><td>बाहिङ् कन्सट्रक्सन प्रा लि</td><td>८००१००</td><td>१०४०१३</td></tr>
<tr><td>रामपुर सोती खोला हाटबजार</td><td>स्वर्णिम निर्माण सेवा</td><td>२८२०००</td><td>३६६६०</td></tr>
<tr><td>पार्किङ शुल्क</td><td>मोनिका सप्लायर स</td><td>१३५५०००</td><td>१७६ ५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३१६८२३</td></tr>
</table></td><td>३१६८२३</td></tr>
<tr><td>२६.</td><td>गिट्टी संकलन ठेक्का - पालिकाले नदिजन्य पदार्थ विक्री वितरणका लागि मोनिका सप्लयर्स ले भ्याट वाहेक रु. १३५५००० बुझाउने गरी सम्झौता गरेकोमा लेखापरीक्षणको क्रममा रु. ८८५००० मात्र दाखिला भएको देखिएको नपुग रकम रु. ४७०००० सम्बन्धित ठेकेदारवाट असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>४७००००</td></tr>
<tr><td>२७.</td><td>धरौटी सदरस्याहा — लाल बजार सुपाडे साप्ताहिक हाटबजार ठेक्का नं ६ का लागि भरत घिमिरेले उक्त ठेक्काका लागि सबै भन्दा बढी अंक रु. ९०००१ कबोल गरी सम्झौता गर्न नआएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(५) धरौटीबापत रु. ६००० सदरस्याहा गरी राजश्व खातामा जम्मा गर्नुपर्ने रु.</td><td>६०००</td></tr>
<tr><td>२८.</td><td>बक्यौता रकम असुली — पालिकाको आ व ०७६।७७ ठेक्का नं ५ रामपुर सोती हाटबजार ठेक्का स्वर्णीम निर्माण सेवाले २८२००० मा कबोल गरेकोमा पहिलो र दोश्रो किस्ता गरी रु. १६२८०० मात्र बुझाएको देखिएकोले बाँकी रकम निजको धरौटीको रकमवाट रु. २०००० सदरस्याहा गरी नपुग रकम रु. ९९२०० असुल उपर गर्नु पर्ने देखिएको रु.</td><td>९९२००</td></tr>
<tr><td></td><td>आयकर एवं मु. अ. कर</td><td></td></tr>
</table>

२९. **मूल्य अभिवृद्धि कर कट्टी** - ८।०७६।६।२९ पशु चालु आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले उन्नत कृषि कन्सलटेन्स प्रा.लिलाइ रु.१००१५८ मूल्य अभिवृद्धि करको भुक्तानीमा ५० प्रतिशत रु. ५०५२९ कट्टी नगरी फर्मलाई नै भुक्तानी दिएकोले कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

५०५२९

३०. **भुक्तानीमा कर –** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको भुक्तानी गर्दा अग्रिम आयकर रु.७८५० कट्टा नगरी भुक्तानी गरेकोले सो असुल गरी संघीय सञ्चित कोष दाखिला हुनु पर्ने रु.

७८५०

भौ नं मिति	भुक्तानी पाउने	भुक्तानी रकम	नपुग /कर रकम
८८१।०७७।२।२१	अवलोकन भ्रमण वहाल	६२५००	६२५०
१०१४। ७७।३।१६	कर कट्टी नभएको	१६०००	१६००
जम्मा			७८५०

३१. **नन्फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१७२५१८ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म फर्महरु नन्फाईलर रहेकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

७२६३१

भौ. नं.मिति	फर्मको नाम	कुल भुक्तानी रकम	भ्याट रकम
११२।०७६।९।२५	आचल सप्लायर्स ६०० ७६३५३	४२६०००	५५३८०
६४।२०७६।१२।१९ सशर त	कृष्ण इन्टरनेशनल प्यान ः ३०२८००११५	१४९९५१	१७२५१
जम्मा		५७५९५१	७२६३१

३२. **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहाय अनुसारको भुक्तानीमा लाग्ने अग्रिम कर रु.१३८५७ दाखिला नगरेकोले असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

१३८५७

भौ. नं.मिति	**विवरण**	**अग्रिम कर असुल**
२९५।२०७६।८।१६ चालु	तोयानाथ ढकाल पारिश्रमिक कर	४०५०
६४७।२०७६।११।२६ चालु	न्यानो कपडा वितरण कार्यक्रमको रु ४७५००० को अग्रिम आयकर	७१२५
१०७८।२०७७।३।१८ चालु	पारिश्रमिक कर बापतको रु. २४०० र अग्रिम आय कर बापतको रु २८२	२६८२
	जम्मा	१३८५७

३३. **वन पैदावार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धि आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो सम्बन्धि अभिलेख तथा वन कार्ययोजना स्वीकृत

	गरेको देखिएन । आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ ।	
	अनुदान फिर्ता वितरण र उपयोग	
३४.	**प्रदेश समपूरक अनुदानमा लागत साझेदारी नभएको -** प्रदेश नं. १ प्रदेश समपूरक अनुदान कार्यविधि, २०७५ को दफा ४(२) मा कूल लागतको बढीमा ७० प्रतिशत सम्म प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्ष सञ्चालन गरेको १ योजनामा रु. १०००००० खर्च लेखेकोमा ३० प्रतिशतले हुने रकम रु.३०००००० कार्यालयले व्यहोर्नुपर्नेमा शुन्य व्यहोरेको देखिएकोले खर्च रकम रु.९७४१८१३ न्युन भएको रु. २९२२२५५ रकम प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने देखिएको रु.	२९२२२५५
	समानीकरण चालु	
३५.	**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. १३४१३६०० तलब भत्ता भुक्तानी गरेकोले अनियमित देखिएको रु.	१३४१३६००
३६.	**सम्बन्धित शाखा मार्फत कार्य नगरेको — ५५६।२०७७।१२।७** पालिकाले सेवा प्रवाह र क्षमता विकासका लागि आफ्नो संगठनात्मक दरबन्दी अनुसार कार्यलयका दरबन्दी परिचालन गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेमा पालिकामा महिला विकास शाखा मौजुद रहेकोमा सो मार्फत कार्य नगरी अन्तरपार्टी महिला सीप विकास कार्यक्रम विभिन्न राजनीतिक दलको सञ्जाल मार्फत कार्य गरी रु. ३३८४१५ खर्च गरेको देखियो । कार्यलयका कर्मचारीलाई तलब भत्ता खर्च लेखी जिम्मेवारी बिहिन बनाएको देखिएकोले आगामी दिनमा कार्यलयको कर्मचारी मार्फत कार्यक्रम सञ्चालन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिएको रु.	३३८४१५
३७.	**पदाधिकारी सुविधा -** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ दफा ३ को अनुसूचि १ अनुसार गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र कार्यपालिका सदस्य लाई सवारी साधन उपलव्ध नभएमा क्रमश १००००, १००००, ४००० र २५०० नगद पाउने व्यवस्था छ।पदाधिकारीले कार्यालयवाट मोटर साईकल प्रयोग गरेको ईन्धनको विल तथा लगसिटवाट देखियो।पदाधिकारीले कार्यालयको सवारी साधन प्रयोग गरेको र मासिक यातायात खर्च वापत रकम बुझि लिएको समेत देखियो।ऐनमा भएको व्यवस्था बमोजिम एउटा सुविधा मात्र लिनु पर्नेमा निम्नानुसार दोहोरो सुविधा भुक्तानी गरेको रु. ५०४००० असुल गर्नुपर्ने रु.	५०४०००

सि नं	नाम	भुक्तानी
१	उप प्रमुख	१२००००
२	वडाध्यक्ष वडा नं १	४८०००
३	वडाध्यक्ष वडा नं २	४८०००
४	वडाध्यक्ष वडा नं ४	४८०००
५	वडाध्यक्ष वडा नं ५	४८०००
६	वडाध्यक्ष वडा नं ६	४८०००
७	वडाध्यक्ष वडा नं ७	४८०००
८	वडाध्यक्ष वडा नं ८	४८०००

	९ | वडाध्यक्ष वडा नं ९ | ४८०००		
	| **जम्मा** | **५०४०००**		
३८.	**आवास सुविधा -** १३८।०७७।११।१६ स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई सकेपछी अनुसूची-१ बमोजिम सुविधा पाउने व्यवस्था छ । कार्यालयले नगर प्रमुख र उपप्रमुखलाई आवास सुविधा वापत वार्षिक रु. २६४२५० र रु.७२००० गरी जम्मा रु.३३६२५० भुक्तानी गरेको छ । पदाधिकारी सुविधा सम्वन्धि ऐनमा आवास सुविधा व्यवस्था गरेको नदेखिएको रु.	३३६२५०
३९.	**जीवन बिमा -** ११७३।०७७।३।३१ गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ मा पदाधिकारीलाई जीवन बिमा सुविधाको व्यवस्था भएको छैन । यस न.पा.ले नगरप्रमुख, उप प्रमुख, वडा अध्यक्ष, का.पा.सदस्य र वडा सदस्यहरु गरी ५० जना पदाधिकारीहरु सबैको प्रति व्यक्ति रु.१ लाखको १५ वर्षे जीवन बिमा गरी यस वर्षको बिमा प्रिमियमबापत रु. ३५४२०८ खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभएको सुविधा खर्च लेख्न मिल्ने नदेखिएको रु.	३५४२०८
४०.	**वडा वैठक - १७७।०७७।७।२१** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई सकेपछी अनुसूची-१ बमोजिम सुविधा पाउने व्यवस्था छ । जसमा वैठक भत्ता वापत रु १००० का दरले पाउने व्यवस्था गरेकोमा रु. २००० को दरले भुक्तानी भएकोले वडा नं २ दिनेश चौधरीवाट ७ वैठकको रु.७००० असुल हुनुपर्ने रु.	७०००
४१.	**वैठक भत्ता -** १७७।०७७।७।२१ स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ४ अनुसार सभाद्वारा गठित विषयगत समितिको हकमा एक महिनामा एक वैठकको मात्र भत्ता पाउने छ। पालिकाले विधायन समितिको वैठक २०७६ फाल्गुन महिनाको १५ १८ २४ २८ गरी चार वैठक भत्ता भुक्तानी भएकोले वढी भुक्तानी भएको ३ वैठकको भत्ता रु.३६९७५ असुल गर्नुपर्ने रु. **समितिको नाम** | **वैठक संख्या** | **वढी रकम कर पछिको** विधायन समिति | फाल्गुन १५,१८,२४,२८ | २०४०० राजश्व परामर्श समिति | जेष्ठ ९ ,१५ | १६६७५ **जम्मा** | | **३६९७५**	३६९७५
४२.	**भ्रमण भत्ता —** गाँउ तथा पालिकासभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ अनुसार पालिका कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा सदस्यले पालिकाको क्षेत्र वाहिर वास वस्न परेमा क्रमश ३ दिन २ दिन सम्मको भ्रमण आदेश अध्यक्ष र उपाध्यक्ष स्वयमले स्विकृत गर्नसक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्विकृत वा अनुमोदन गर्नु पर्ने व्यबस्था रहेकोछ । यसै गरी दफा ८ अनुसार भ्रमण गर्दा स्विकृत भ्रमण आदेशमा भ्रमणको उद्धेश्य कारण र भ्रमणवाट प्राप्त हुने संभावित प्रतिफल समेत उल्लेख गर्नु पर्ने र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमण बाट प्राप्त उपलव्धीको व्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत कार्यालयमा पेश गर्नु पर्ने व्यबस्था रहेको छ ।यसैगरी भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमणमा खटिने कर्मचारी वा पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने व्यबस्था रहेको छ ।यस बर्ष पालिकाका पदाधिकारी तथा कर्मचारीलाई भ्रमणभत्ता खर्च लेखेको देखियो । पदाधिकारीहरुको ऐनले तोकेको अवधिभन्दा बढी अबधिको भ्रमण आदेश आफैले स्विकृती गरेको कार्यपालिकाको बैठक बाट अनुमोदन नगरेको, भ्रमणको उद्धेश्य स्पष्ट उल्लेख नगरेको, भ्रमण प्रतिबेदन दिने नगरेको र नियमानुसार भ्रमण अभिलेख राख्ने गरेको देखिएन । कानूनमा तोकिए बमोजिमको प्रकृया पालना गर्नु पर्दछ ।	
४३.	**वैठक भत्ता -** १७७।०७७।७।२१ स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ को अनुसुची १ अनुसार वैठक खर्च लेख्नु पर्नेमा अनुपस्थित सदस्यलाई वैठक भत्ता	

	भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.	५१००

पदाधिकारीको नाम	अनुपस्थित दिन	भुक्तानी रकम कर पछि
सुरेन्द्र राई	११।२३, ११।२५	१७००
पुण्यवती रेग्मी	७।१९	८५०
दिपक दंगाल	११।२५, ११।२६, ११।२७	२५५०
जम्मा		५१००

४४.	**प्लेन भाडा -** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले अनिस थापा प्लेन भाडा भनी रु. ६१०० खर्च लेखेकोमा उक्त व्यक्ति कार्यालयको काम संग सम्वन्धत व्यक्ती नभएकोले असुल गर्नुपर्ने रु.	६१००
४५.	**भुक्तानीमा कर –** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको भुक्तानी गर्दा अग्रिम आयकर वापतको रकम कट्टा नगरी र घटी कट्टा गरी भुक्तानी गरेकोले असुल हुनुपर्ने रु.	२११८७६

भौ नं मिति	भुक्तानी पाउने	भुक्तानी रकम	नपुग /कर रकम
९६७।०७७ २।२८ समानिकरण चालु	गाडी भाडा	१८०००	१४४०
११०३।०७७।३।२२ समानिकरण चालु	विश्वरमण आचार्य	१०००००	१०५२
७७६।०७६।१२।१० समानिकरण चालु	विश्वरमण आचार्य	५१३७७	७ ३३
७६ ०७७।१२।१० समानिकरण चालु	कर्मचारी प्रोत्साहन भत्ता	६४३३५	९००७
११८७।०७७।।३।३१	कर्मचारी प्रोत्साहन भत्ता	४२९२१६	६००९०
६२३।०७७।११।२	कर्मचारी प्रोत्साहन भत्ता	६७९३४३	१०१९०१
४९०।०७७।१०।१३	रंग महल रिभरल्याण्ड प्रा लि	१२१०००	१८१५०
	जम्मा		२११८७६

४६.	**थप दस्तुर -** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । समयमै विद्युत महशुल भुक्तानी गरेमा रिवेट समेत पाइनेमा पालिकाले ढिला गरी विद्युत महशुल भुक्तानी गरेकोले रु. ८८१५ थप दस्तुर भुक्तानी गरेकोले अनियमित देखिएको रु.	८८१५
४७.	**प्रशिक्षण भत्ता बढी भुक्तानी -** खर्च सम्बन्धि निर्देशिका, २०७३ मा सबै प्रकारको तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धि खर्चको मापदण्ड रहेको र स्थानीय तहमा आफ्नै निर्देशिका नभएको अवस्थामा यसै बमोजिम खर्च गर्नुपर्ने व्यबस्था छ । यस निर्देशिका बमोजिम नगरपालिका स्तरमा तालिम सञ्चालन गर्दा प्रशिक्षकले प्रति सेसन कार्यपत्रवापत रु.८०० र प्रवचन वापत रु.७०० गरी जम्मा रु.१,५०० पाउने व्यबस्था रहेको छ।त्यस्तै आन्तरिक व्यक्तिले प्रशिक्षण गरे वापत अधिकृत स्तरले कार्यपत्रको मात्र रु.१००० को दरले र सहायकस्तरले रु.८०० का दरले भत्ता पाउनुपर्ने व्यवस्था छ । तर पालिकाले सञ्चालन गरेको देहायको कार्यक्रमहरुमा तोकिएको भन्दा बढी भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.	३५६१५

भौ. नं.मिति	**विवरण**	**कक्षा सख्या**	**भुक्तानी रकम**	**कर बाहेक बढी भुक्तानी**
११३४।०७७।३।२७ समानिकरण चालु	बाल मैत्री प्रवर्द्धन कार्यक्रम आन्तरीक प्रशिक्षक गोपाल	३	२५००	४३३५

	निरौला			
११३४।०७७।३।२७ समानिकरण चालु	बाल मैत्री प्रवर्द्धन कार्यक्रम आन्तरीक प्रशिक्षक सुरेन्द्र वस्नेत	२	२५००	२८९०
११७७।०७७।३।११	आन्तरी प्रशिक्षक गोपाल निरौला	२	१५००	११९०
११७७।०७७।३।११	आ ्तरी प्रशिक्षक ज्योती राई	२	१५००	११९०
११७७।०७७।३।११	महिला पुरुष समविकास आन्तरीक प्रशिक्षक गोपाल निरौला	२	१५००	११९०
११७७।०७७।३।११	महिला पुरुष समविकास आन्तरीक प्रशिक्षक ज्योती राई	२	१५००	११९०
११७७।०७७।३।११	महिला पुरुष समविकास आन्त ीक प् शिक्षक ज्योती राई	४	१५००	२३८०
७१२।।७६।१२।४ समानिकरण चालु	जनप्रतिनिधी जनतासंग नुनिराम राई कार्यक्रम संयोजन २०७५।९।२	१	३०००	२१२५
७१२।।७६।१२।४ समानिकरण चालु	जनप्रतिनिधी जनतासंग नुनिराम राई कार्यक्रम प रतिवेदन २०७५।९।२५	१	३०००	१७००
७१२।।७६।१२। समानिक ण चालु	जनप्रतिनिधी ज तासंग नुनिराम राई कार्यक्रम संयोजन २०७५।९।१४	१	३०००	२१२५
७१२।।७६।१२।४ समान करण चालु	जनप्रतिनिधी जनतासंग नारद निरौला कार्यक्रम प्रतिवेदन २०७५।९।१४	१	३०००	१७००
५७।०७७।६।१४ समानिकरण चालु	जीरा राई कार्यक्रम संयोजन	५	१५००	१०६२५
५७।०७७।६।१४ समानिकरण चालु	जीरा राई कार्यक्रम प्रतिवेदन लेखन	५	५०००	२९७५
जम्मा				३५६१५

सघं शसर्त

४८. **शिक्षक दरवन्दी र पदपुर्ति -** नगरपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपुर्ति देहाय अनुसार रहेको छ ।

सि नं	विद्यालयको नाम	शिक्षक दरवन्दी	पदपुर्ति	पदपुर्ति मध्ये करार	विद्यार्थी सङ्ख्या
१.	माध्यमिक विद्यालय, आम्बासी	१०	१०	४	४१९
२.	तपेश्वरी आधारभूत विद्यालय, गलफडिया	६	६	१	९३
३.	माहाकाली माध्यमिक विद्यालय, चम्पापुर	१३	१३	१२	४८९

		४.	आधारभूत विद्यालय, राक्चे	३	३	१	१९४		
		५.	आधारभूत विद्यालय, बबला	□	□	१	१३		
		६.	प्रभाकरी माध्यमिक विद्यालय, पोखरे	१४	१४	५	४६९		
		७.	आधारभूत विद्यालय, देउराजे	१	१	०	□३		
		८.	जनता माध्यमिक बिद्यालय, कान्चिराङ्ग	९	९	७	२९६		
		९.	ससकौशीका मा.वि. भागलपुर	११	११	७	६१०		
		१०.	जनता बेलका मा.वि. पुरन्दह	१४	१४	४	४४४		
		११.	जनता नमुना माध्यमिक विद्यालय, गुरुङचौरी	१७	१७	६	४२९		
		१२.	मैनामैनी मा.वि, मुलगाउँ	९	९	५	१७१		
		१३.	बेलका आधारभूत विद्यालय, रातापानी	३	३	१	८७		
		१४.	कोशी आधारभूत विद्यालय, घारे	२	२	१	५८		
		१५.	देउराली आधारभूत विद्यालय, गलेनी	५	५	१	१६७		
		१६.	जागिरामथानी आ.वि. चम्पाकोट	२	२	०	५५		
		१७.	कोशी माध्यमिक विद्यालय, चक्रपुर	□□	१०	७	५२६		
		१८.	बरपीपल मा.वि. कमलाबारी	६	६	४	६५२		
		१९.	जनता आधारभूत विद्यालय, आरांगा	४	४	२	१७३		
		२०.	राकसनी आधारभूत विद्यालय, सिसुवा	५	५	१	२०२		
		२१.	जनता मा.वि. पुवारेथुम्का	७	७	५	१७९		
		२२.	सरस्वती आधारभूत विद्यालय, भालमन्ती	३	३	०	५६		
		२३.	जनता माध्यमिक विद्यालय, जहडा	१२	१२	८	५३९		
		२४.	जनजागृति आधारभूत विद्यालय, झोरापाटा	५	५	३	१४२		
		२५.	जाल्पादेवी आधारभूत विद्यालय, वाक्सिखोप	२	२	२	४५		
		२६.	कालीका आधारभूत विद्यालय, कालीखोला	३	३	३	१०८		
		२७.	जनता आधारभूत विद्यालय, डुँडखोला	३	३	३	१२४		
		२८.	ज्ञानज्योति आधारभूत विद्यालय, मितेरीगाउँ	३	३	३	६३		
